# स्थानीय राजपत्र

## उमाकुण्ड गाउँपालिका, रामेछापद्वारा प्रकाशित

खण्ड : ६ संख्या : ४ मिति : २०७९/०८/२३


## भाग - २

# उमाकुण्ड गाउँपालिका

# दिवा खाजा वितरणसम्बन्धी कार्यविधि, २०७९

विद्यालय जाने उमेरका बालबालिकालाई विद्यालयमा ल्याउन तथा उनीहरुको स्वास्थ्यलाई ध्यानमा राखी खाजाको माध्यमबाट बालबालिकाको शारिरीक, मानसिक, संवेगात्मक तथा सामाजिक विकास गर्न र सिकाई उपलब्धि वृद्धि गर्न वान्छनीय भएकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी उमाकुण्ड गाउँपालिकाले दिवा खाजा वितरणसम्बन्धी कार्यविधि, २०७९ बनाई कार्यपालिकाबाट स्वीकृत गरी सबैको जानकारीको लागि स्थानीय राजपत्रमा प्रकाशित गरिएको छ ।

# उमाकुण्ड गाउँपालिका
# दिवा खाजा वितरण सम्बन्धी कार्यविधि, २०७९

**प्रस्तावना** : बालबालिकाले पाउने विभिन्न अधिकारमध्ये शिक्षा पाउने अधिकारलाई सुनिश्चित गर्न बालबालिकालाई विद्यालय ल्याउनुपर्ने र विद्यालय आएका बालबालिकालाई टिकाउनुपर्ने यथार्थलाई मध्ये नजर गर्दै विद्यालय जाने उमेरका बालबालिकालाई विद्यालयमा ल्याउन तथा उनीहरुको स्वास्थ्यलाई ध्यानमा राखी खाजाको माध्यमबाट बालबालिकाको शारिरीक, मानसिक, संवेगात्मक तथा सामाजिक विकास गर्न र सिकाई उपलब्धि वृद्धि गर्न बान्छनीय भएकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी उमाकुण्ड गाउँपालिकाले "**दिवा खाजा वितरण सम्बन्धी कार्यविधि**, २०७९" बनाई कार्यपालिकाबाट स्वीकृत गरी लागु गरेको छ।

## परिच्छेद–१
## नाम र परिभाषा

१. **संक्षिप्त नाम र प्रारम्भ** : यो कार्यविधिको नाम दिवा खाजा वितरणसम्बन्धी कार्यविधि, २०७९ रहने छ। यो कार्यविधि कार्यपालिकाबाट निर्णय भएको मितिदेखि लागु हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(१) "कार्यविधि" भन्नाले "दिवा खाजा वितरणसम्बन्धी कार्यविधि, २०७९" भन्ने सम्झनुपर्छ।

(२) "दिवा खाजा व्यवस्थापन तथा अनुगमन समिति" भन्नाले दफा ४ बमोजिम गठित समिति सम्झनु पर्छ।

(३) "गाउँपालिका" भन्नाले उमाकुण्ड गाउँपालिकालाई सम्झनु पर्छ।

(४) "कार्यपालिका" भन्नाले उमाकुण्ड गाउँपालिका गाउँ कार्यपालिका भन्ने सम्झनु पर्छ ।

(५) "प्रमुख" भन्नाले उमाकुण्ड गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(६) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले उमाकुण्ड गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(७) "पदाधिकारी सदस्य" भन्नाले समितिको सम्पुर्ण सदस्यलाई सम्झनु पर्छ ।

## परिच्छेद २

## दिवा खाजा वितरण कार्यक्रमको परिचय

३. **दिवा खाजा कार्यक्रमको परिचयः** बालबालिकाको वृद्धि र विकासको लागि खाना अनिवार्य तत्व हो । पोषणयुक्त खाना खाएमा मात्र स्वस्थ जीवनको सुरुवात हुन्छ । विद्यालयमा आएका बालबालिकाहरुको लागि पोषणयुक्त खाजाको व्यवस्थापन गर्न प्रारम्भिक बालविकास देखी कक्षा छ सम्म पढिरहेका विद्यार्थीहरुका लागि नेपाल सरकारले बजेटको व्यवस्था गरेको छ । नेपाल सरकारको यस कदमले विद्यार्थीको टिकाउ दर वृद्धी र सिकाई उपलब्धिमा उल्लेख्य सुधार भएकाले यसलाई बाँकी कक्षामा पनि लागु गर्ने उद्देश्यले उमाकुण्ड गाउँपालिकाले कक्षा सातदेखी बाह्रसम्म अध्ययन गर्ने विद्यार्थीको लागि खाजा व्यवस्थापन गर्न बजेट छुट्ट्याएको छ । कक्षा १-६ पढ्ने विद्यार्थीका लागि ससर्त अनुदानको रुपमा र कक्षा ७-१२ पढ्ने विद्यार्थीको लागि पालिका अनुदानको रुपमा बजेट निकासा हुन्छ । विद्यालयले स्थानीय तहसँग बजेट माग गरी विद्यार्थीलाई खाजा खुवाउने व्यवस्था मिलाउनुपर्छ । यसका लागि विद्यालय, प्र.अ., शिक्षक, अभिभावक, लगायत सबैको सहयोग र समन्वयको आवश्यकतापर्छ । पोषणयुक्त दिवा खाजाबाट बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक र सामाजिक विकास भई मानवपूँजी विकासमा योगदान पुग्दछ ।

## परिच्छेद ३
## उद्देश्य

४. **दिवा खाजा वितरण कार्यक्रमका उद्देश्यहरु :**

(१) गाउँपालिकाभित्र रहेका विद्यालय जाने उमेरका बालबालिकाहरुलाई विद्यालयमा ल्याउन सहयोग पुऱ्याउने ।

(२) विद्यालयमा भर्ना भएका तर घरको आर्थिक अवस्थाका कारण खाजा ल्याउन नसकेको कारण भोकले गर्दा छुट्टी हुनु अगावै विद्यालयबाट घर जाने प्रवृत्ति रोक्ने ।

(३) दिवा खाजा कार्यक्रमको मद्दतले विद्यार्थीको सिकाई उपलब्धि वृद्धि गर्न सहयोग गर्ने ।

(४) यस कार्यक्रमको सहयोगले विद्यार्थीमा आपसी मेलमिलाप, सद्भभाव, एकताको भावनाको विकास गर्ने ।

(५) स्थानीय रुपमा उत्पादित तरकारी, अन्न र फलफुलको खपत गरी दिवा खाजामा प्रयोग गरी स्थानीय उत्पादनलाई प्रोत्साहन गर्ने ।

(६) आमा समूह, व्यक्ति, क्यान्टिन वा होटललाई दिवा खाजा बनाउन प्रोत्साहन गरी विद्यालय र विद्यार्थीप्रति अपनत्व भावना जगाइ जिम्मेवार बनाउने ।

(७) विद्यार्थीलाई दैनिक जिवनमा काम लाग्ने सिप जस्तै खाना बनाउने, भाँडा माझ्ने, खानाको जतन गर्ने, भान्साको सरसफाई गर्ने, बाँडीचुँडी खाने जस्ता सिप सिकाउने ।

## परिच्छेद ४

## दिवा खाजा व्यवस्थापन तथा अनुगमन समितिको गठन र बैठक कार्यक्रम

५. (१) गाउँ कार्यपालिकाले दिवा खाजा व्यवस्थापन तथा अनुगमन गर्नको लागि देहायका सदस्य रहने गरी दिवा खाजा व्यवस्थापन तथा अनुगमन समितिको गठन गर्नेछ।

(१) पालिका प्रमुख -१ जना (अध्यक्ष)

(२) पालिका प्रमुखले तोकेको दुई महिला सदस्य सहित -३ जना सदस्य

(३) वडा अध्यक्ष -७ जना सदस्य

(४) गाउँपालिकाको सामाजिक विकास समितिको संयोजक -१ जना सदस्य

(५) शिक्षा शाखा प्रमुख - १ जना सदस्य सचिव

(२) उल्लेखित सदस्यहरु मध्येबाट समितिले उपाध्यक्ष मनोनित गर्नु पर्ने छ।

६. समितिको पदावधि गठन भएको मितिले ४ वर्षको हुनेछ।

७. सदस्य सचिवको हकमा निर्णयहरु गाउँपालिकाको निर्णय अनुसार हुनेछ।

८. अध्यक्षले कुनै कारणले पदबाट राजिनामा दिन चाहेमा पालिका प्रमुख समक्ष र उपाध्यक्ष र सदस्यले अध्यक्ष समक्ष राजिनामा दिनु पर्ने छ।

९. पदावधि बाँकी हुँदै कुनै कारणबाट कुनै पद रिक्त हुन आएमा निजको जुन प्रकारले नियुक्ति भएको हो सोही प्रकारले बाँकी अवधिका लागि अर्को सदस्य चयन हुनेछ।

१०. समितिका कुनै सदस्यको कार्य सम्पादन सन्तोषजनक नदेखिएको भनि गाउँ कार्यपालिकाले ठहर गरेमा कुनैपनि पदाधिकारी वा सदस्यलाई पदबाट हटाउन वा फिर्ता बोलाउन सक्नेछ। साथै त्यसरी रिक्त भएको पदमा बाँकी अवधिका लागि पहिला जुन प्रकारले नियुक्ति भएको हो सोही प्रकारले नयाँ नियुक्ति गर्न सक्ने छ।

**११. अध्यक्षको काम, कर्तव्य र अधिकार**

(१) समितिको बैठकको अध्यक्षता गर्ने र निर्णय कार्यान्वयन गर्ने मुख्य उत्तरदायित्व अध्यक्षको हुनेछ ।

(२) वार्षिक कार्ययोजना तयार गरी कार्यक्रमहरुको आयोजना, संचालन तथा व्यवस्थापन गर्ने, गराउने ।

(३) समितिको बैठक बस्न नसकेको अवस्थामा गाउँपालिकामा गर्नुपर्ने सम्पूर्ण सिफारिसहरु गर्ने ।

(४) समितिले तोकेको अन्य कामहरु गर्ने/गराउने ।

**१२. सदस्य सचिवको काम, कर्तव्य र अधिकार :**

(१) समितिको प्रशासनिक प्रमुखको रुपमा कार्य गर्ने ।

(२) समितिलाई नीतिगत रुपमा सरसल्लाह प्रदान गर्ने ।

(३) समितिको निर्णय कार्यान्वयन गर्ने ।

(४) निर्णयअनुसार कोषको खर्च खाता संचालन गर्ने ।

(५) बैठकको पत्राचार गर्ने,अभिलेख राख्ने, निर्णय किताबको सुरक्षा गर्ने र अध्यक्षको आदेशानुसार बैठकको लागि आवश्यक विषय सूचि र सामाग्री जुटाउने ।

(६) बैठकको माइन्यूट उठाउने बैठक संचालनसम्बन्धी आवश्यक काम गर्ने ।

(७) खर्चमा मितव्ययिता अपनाउने र नियन्त्रण कायम गर्ने ।

**१३. समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :**

(१) गाउँपालिकाबाट दिवा खाजा शिर्षकमा विनियोजित बजेट कार्यान्वयनमा सहयोग पुऱ्याउने ।

(२) दिवा खाजा कार्यक्रम लागु भएको विद्यालयको नियमित अनुगमन गर्ने ।

(३) दिवा खाजा कार्यक्रमका बारेमा अभिभावक, आमा समूह, जनप्रतिनिधि, जनसमुदाय लगायत यस कार्यक्रमसंग प्रत्यक्ष वा अप्रत्यक्ष सरोकार राख्ने सबैलाई जानकारी गराउने ।

(४) यस कार्यक्रमलाई सफल पार्न अभिभावक, आमा समूह लगायत अन्य व्यक्ति तथा संस्थाको सहयोग लिने ।

(५) कार्यक्रममा अपुग बजेटको लागि स्रोतको खोजी गर्ने ।

(६) दिवा खाजा कार्यक्रमको प्रभावकारिताको अनुगमन गरी आगामी वर्षको लागि सुझाव सहितको प्रतिवेदन बनाई कार्यपालिकामा पेश गर्ने ।

## परिच्छेद ५

## कार्यक्रमका लागि बजेट व्यवस्थापन

१३. पालिकाका सबै सामुदायिक विद्यालयमा कक्षा ७-१२ मा अध्ययनरत विद्यार्थीको लागि पालिकाले बजेट छुट्याईएको छ । कक्षा ७-१२ मा अध्ययनरत प्रत्येक विद्यार्थीको लागि दैनिक रु. १५ का दरले ९० दिनको लागि पुग्ने बजेट दिवा खाजा वितरण शिर्षकमा छुट्याइएको छ । त्यसको लागि विद्यालयले आफ्नो विद्यालयमा अध्ययनरत विद्यार्थी संख्या राम्रोसंग यकिन गरी प्रत्येक चौमासिकको अन्तिममा विद्यालयमा विद्यार्थीको हाजिरीअनुसार बजेट माग गर्न सकिन्छ । रकम माग गर्दा एक आर्थिक वर्षमा एउटा विद्यार्थी बराबर ९० नकट्ने गरी माग गर्नु पर्दछ ।

## परिच्छेद ६

## दिवा खाजाका लागि बजेट माग र निकासा प्रक्रिया

१४. सामुदायिक विद्यालयले दिवा खाजाका लागि स्थानीय तहसँग बजेट माग गर्नुपर्ने छ।

१५. कक्षा ७-१२ मा अध्ययनरत विद्यार्थीहरुको लागि प्रति विद्यार्थी रु.१५का दरले वार्षिक रुपमा ९० दिन नबढ्ने गरी हिसाब गर्नुपर्ने छ।

१६. कुनै कारणवश (दैवि प्रकोप, महामारी) वा सार्वजनिक बिदा बाहेकका अवधि कटाएर देहायबमोजिमको कागजात सहित बजेट माग र खर्च व्यवस्थापन गर्नुपर्ने छ।

(१) दिवा खाजा खुवाएको दिनका आधारमा विद्यालय व्यवस्थापन समितिबाट निर्णय गर्ने।

(२) अनुदान निकासा फारममा विद्यालय व्यवस्थापन समिति (विव्यस) अध्यक्ष र प्रधानाध्यापकको दस्तखत र विद्यालयको स्टाम्प लगाउने।

(३) चौमासिक प्रगति विवरण तयार गर्न उपयोग गरेको हाजिरी पुस्तिका लगायत अन्य अभिलेख समावेश गर्ने।

१७. विद्यालयको मागको आधारमा पालिकाले बजेट निकासा गर्नेछ।

१८. बजेट निकासा गर्दा इमिसको डाटालाई आधार मानिने छ। इमिसमा प्रविष्ट नभएका विद्यार्थीको लागि बजेट निकासा गरिने छैन।

१९. दिवा खाजा कार्यक्रमलाई थप प्रभावकारी बनाउनका लागि विद्यालयले अन्य संघ, संस्था वा निकायसँग लागत साझेदारीका रुपमा सहयोग लिन सक्छ। यसरी लागत साझेदारी गरिएको अवस्थामा सोको जानकारी स्थानीय तहलाई दिनु पर्नेछ। स्थानीय तहबाट प्राप्त रकम अपुग भएमा वडाले लागत साझेदारीको रुपमा आफ्नो स्रोतबाट व्यवस्थापन गर्न सक्नेछ।

## परिच्छेद ७

## दिवा खाजाका लागि विद्यालयले गर्नुपर्ने तयारी

२०. सबै विद्यालयले दिवा खाजा कार्यक्रमलाई प्राथमिकताको साथ सञ्चालन गर्नुपर्नेछ। विद्यालयमा खाजा व्यवस्थापनका लागि विद्यालय व्यवस्थापन समितिको बैठक अनिवार्य रुपमा राख्नुपर्ने छ । बैठकले दिवा खाजा कार्यक्रम कार्यान्वयनमा सहयोग गर्न आफ्नो मातहतमा एउटा खाजा व्यवस्थापन उपसमिति वा कार्यदल वा आमा वा अभिभावक समूह गठन गर्नुपर्छ । यसको साथै विद्यालयले दैनिक रुपमा कार्य सम्पादनमा सहजीकरण गर्ने गराउने व्यवस्थापन र अनुगमनका लागि एक सम्पर्क शिक्षक (focal teacher) तोक्नुपर्ने छ। तोकिएको सम्पर्क शिक्षकलाई समितिको बैठकमा आमन्त्रण गरी खाजा सम्बन्धमा थप प्रभावकारिता एवम् सुधारका लागि देहायका विषयमा समेत सुझाव लिने र आगामी दिनका लागि जवाफदेही बनाउनु पर्नेछ। ः

१) **अभिभावक बैठक एवम् सामूहिक भेला**ः विद्यालयले दिवा खाजा खुवाउने विधि, पद्धति, प्रक्रियाका विषयमा अभिभावकहरुलाई जानकारी गराउनुपर्छ । जानकारीका लागि कक्षागत रुपमा अभिभावकहरुको बैठक राखेर वा सामूहिक रुपमा भेला गर्न सकिन्छ । बैठक एवम् भेलामा पौष्टिक तत्वको आवश्यकता, विद्यालयबाट खुवाउन लागिएको खाजाबाट प्राप्त हुने पौष्टिक तत्व र घर परिवारमा ख्याल गर्नुपर्ने सरसफाइ लगायतका विषयमा व्यावहारिक रुपमा गराउनु पर्छ।

२) **अभिभावक भेला वा बैठकमा स्थानीय तहको वडा प्रतिनिधि आमन्त्रण गर्नुपर्ने**ः दिवा खाजाको व्यवस्थापन सम्बन्धमा अभिभावकहरुको संलग्नता एवम् सहयोगका विषयमा अभिभावकहरुको बैठक वा भेला राख्दा स्थानीय तहको वडाका प्रतिनिधिलाई आमन्त्रण गर्नुपर्ने छ। स्थानीय तहको प्रतिनिधि उपस्थित हुन नसकेको अवस्थामा बैठकमा

भएका छलफलको बैठक पुस्तिका तयार गरी माइन्युट गरी जानकारी गराउनु पर्नेछ।

३) **वार्षिक योजना तथा कार्यक्रमः** विद्यालय व्यवस्थापन समितिले अभिभावक शिक्षक संघ र सम्बन्धित वडा कार्यालय समेतको सहभागितामा दिवा खाजा सञ्चालन तथा व्यवस्थापनका लागि वार्षिक योजना तथा कार्यक्रम बनाउनु पर्छ। बनेको योजना तथा कार्यक्रमलाई  विद्यालय सुधार योजना -एस आई पि) को एकीकृत अंग बनाउनुपर्छ। वार्षिक कार्यक्रममा वर्षभरिमा गरिने कार्यहरु जस्तै खाजा खुवाउनका लागि आवश्यक पर्ने भान्साकोठा, पकाउने र खाने भाडा, भण्डारण गर्ने ठाउँ सरसफाइ गर्ने तथा हात धुने ठाउँ सामान खरिद गर्ने विधि प्रक्रिया लगायतका पूर्वाधारको व्यवस्थापन जस्ता विषय छलफल गरी व्यवस्थित रुपमा समावेश गर्नुपर्छ।

२१. **दिवा खाजा सञ्चालनका लागि पूर्वाधारको व्यवस्थापन** : विद्यालयले व्यवस्थित तथा पोषणयुक्त दिवा खाजा सञ्चालन गर्न न्युनतम पूर्वाधारहरु (जस्तैः भान्सा कोठा, भाँडा तथा भान्सामा चाहिने अन्य सामान, पानी आपूर्ति जस्ता) तयार गर्नुपर्छ। पूर्वाधार व्यवस्थापनका लागि विद्यालयले वडा वा अन्य संघ संस्थासँग समन्वय गरी स्रोतको खोजी एवम् अभिभावकहरुको सहयोग लिनुपर्छ।

१) **भान्सा सहितको भण्डार कक्षः** खाजा कार्यक्रम सञ्चालन गर्ने प्रत्येक विद्यालय परिसरभित्र वा बाहिर सुरक्षित रुपमा खाना पकाउने र खाद्य सामाग्री भण्डारण कक्षसहितको भान्सा हुनु आवश्यक छ। विद्यालयका लागि विद्यार्थी सङ्ख्याको आधारमा भण्डारसहितको भान्साघरको नमुना ढाँचा सामुदायिक विद्यालयका लागि दिवा खाजा मापदण्ड तथा सहजीकरण पुस्तिका २०७६ मा समावेश गरिएको छ।

२) **भाँडावर्तन र अन्य भान्सा सामाग्री** :दिवा खाजा तयारी गर्न दिवा खाजामा लागि निश्चित भाँडावर्तनको आवश्यकता हुने हुँदा विद्यालयमा हुने विद्यार्थी संख्याका आधारमा भाँडावर्तनको

व्यवस्थापन गर्नुपर्छ । त्यस्तै खाना तयार गर्न निश्चित सङ्ख्यामा चुलोको व्यवस्था हुनुपर्छ । इन्धनको रुपमा दाउरा प्रयोग गरिने भए सकेसम्म नेपाल सरकारको वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रद्धारा निर्माण प्रवर्द्धन तथा सिफारिस गरिएको धुँवारहित चुलो उपयोग गर्नुपर्नेछ ।

## परिच्छेद –८

## दिवा खाजाको मेनु

२२. दिवा खाजाको मेनु नेपाल सरकारबाट जारी **विद्यालय दिवा खाजा व्यवस्थापन सहयोगी पुस्तिका**, २०७७ मा उल्लेख भए बमोजिम हुनुपर्ने छ ।

२३. **दिवा खाजाका लागि आवश्यक खाद्य सामाग्री व्यवस्थापन**ः दिवा खाजा खुवाउनका लागि विद्यालयले नेपाल सरकारले तोकेको खाजाको मेनु वा नेपाल सरकार तोकेको खाजाको मेनुको आधारमा विद्यालय आफैले तोकेको खाजाको मेनुको आधारमा आवश्यक खाद्य सामाग्रीको व्यवस्थापन गर्नुपर्छ । खाद्य सामाग्री व्यवस्थापन गर्दा विद्यार्थी संख्या र सरकारबाट वा अन्य निकायबाट प्राप्त भएको बजेट र तोकिएको मापदण्डलाई विशेष ध्यान पुऱ्याउनुपर्छ ।

२४. विद्यालयमा खाजा नखुवाउने विद्यालयको हकमा पैसा निकासा गर्न गाउँपालिका बाध्य हुने छैन ।

**प्रमाणीकरण मितिः २०७९।०८।२३**

**आज्ञाले,**
**दिल कृष्ण श्रेष्ठ**
**प्रमुख प्रशासकीय अधिकृत**